# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०८१ साल बैशाख १ गते देखि असार मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य क्रियाकलापहरुको विवरण




राष्ट्रिय महिला आयोग

**भद्रकालीप्लाजा, काठमाडौं**

**मिति २०८१ असार १५ गते**

**१. आयोगको स्वरुप र प्रकृतिः**

महिलाहरुको हक हितको संरक्षण र संबद्र्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ (७ मार्च २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएकोे हो । तत् पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्यक्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भई आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

**२. आयोगको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

(क) महिलाको हकहित संरक्षण एवं सम्बर्द्धन गर्ने,
(ख) महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने,
(ग) महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने,
(घ) लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधानको धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छः

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छः

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ) महिलाको हक हितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरुः

क)     महिलाको हक, हित र अधिकारको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख)     नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग)     महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,

घ)     सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ) "खबर गरौं ११४५ हेल्पलाइन सेवा" मार्फत् हिंसा पीडित महिलाहरुलाई कानुनी तथा मनोपरामर्श गरी न्यायिक उपचारको लागि सहयोग गर्ने ।

**३. आयोगको संगठन तालिका**

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छः

राष्ट्रिय महिला आयोगको संगठन संरचना

सचिव

**<u>प्रशासन तथा योजना शाखा</u>**

उपसचिव रा.प. låtLo (प्र.÷सा.प्र.) –१
शा.अ रा.प.तृ.(प्र.÷सा.प्र.) –२
ना.सु रा.प.अनं.प्रथम (प्र.÷सा.प्र.)–५
क. अ. रा.प.अनं.प्रथम (विविध)–२
हेल्पलाइन अपरेटर रा.प.अनं.प्रथम ljljw–२
ह.स.चा. (श्रेणीविहीन)– ७

**<u>उजुरी तथा मुद्दा व्यवस्थापन शाखाM</u>**

उपसचिव रा.प. låtLo (न्याय/कानून)–१
शा.अ.,रा.प.तृ.(न्याय, स.व.) –१
मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य÷छैटौं÷सातौं) – १
मनोसामाजिक परामर्शदाता–(स्वास्थ्य÷चौथो÷पाँचौ) –१

**<u>नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखाM</u>**

उपसचिव रा.प. låtLo (प्र.,सा.प्र.) –१
कानून अधिकृत रा.प.तृ.

**<u>महिला विकास समन्वय शाखाM</u>**

प्र.म.वि.अ.रा.प. låtLo (विविध) –१
म.वि.अ रा.प.तृ (विविध) –१
म.वि.नि रा.प.अनं प्रथम (विविध)–१

**<u>आर्थिक प्रशासन शाखाM</u>**

लेखा अधिकृत रा.प.तृ. (प्र.,लेखा) –१
लेखापाल रा.प.अनं.प्रथम (प्र.,लेखा)–१

**दरबन्दी तेरिज**

सचिव रा.प. प्र. (प्र) - १
उ.स. रा.प. द्वि. (प्र) -२
उ.स.कानुन रा.प. द्वि - १
प्र.म.वि.अ. - १
शाखा अधिकृत रा.प. तृ -२
कानुन अधिकृत रा.प.तृ -१
शा.अ. स.व.रा.प. तृ -१
ले.अ. रा.प. तृ (सा.प्र)- १
म.वि.अ. रा.प. तृ (विविध) -१
मनोसामाजिक परामर्शदाता - छैटौं÷सातौ -१
ना.सु. रा.प. अनं. प्र. (सा.प्र)- ५
ले.पा. रा.प.अनं. प्र. (प्र) - १
मनोसामाजिक परामर्शदाता. चौथो÷पाचौ-१

राष्ट्रिय महिला आयोगले संबैधानिक आयोगको हैसियत प्राप्त गरेसँगै संगठन तथा व्यवस्थापन सर्भेक्षण -O&M Survery_ गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ । जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ । यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित १० पद, राजपत्र अनंकित ९ गरी जम्मा १९ पद पूर्ति भएको छ ।

मौजुदा दरबन्दी र पदपूर्तिको अवस्थाः

| **सिं. नं** | **पद** | **श्रेणी/तह** | **सेवा** | **समूह/उपसमूह** | **मौजुदा दरबन्दी** | **पदपूर्ति** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | – | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ३ | उपसचिव | रा.प.द्धितीय | न्याय | कानून | १ | १ | | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्धितीय | विविध | | १ | १ | – | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | - | १ | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | – | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | – | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | – | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वा स्थ्य | | १ | १ | – | sfdsfh |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | – | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वा स्थ्य | | १ | १ | - | sfdsfh |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | १ | - | काज |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | - | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | – | २ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ६ | १ | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहिन | | | ७ | ७ | – | |
| | **hDdf** | | | | **३८** | **३३** | **५** | |

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारबाट अस्थायी दरबन्दी स्वीकृत गरी नेपाल सरकारकै बजेटबाट "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सञ्चालन गरिएको छ । उक्त सेवा सञ्चालनका लागि निम्न पदहरुमा कर्मचारीहरु करार सेवामा नियुक्ती भई कार्यरत रहेका छन् ।

| **क्रम संख्या** | **पद** | **स्वीकृत दरबन्दी संख्या** | **पदपूर्ति** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत (रा.प.तृतीय) | १ | १ | - | |
| २ | कानुन अधिकृत(रा.प.तृतीय) | २ | १ | १ | |
| ३ | मनोसामाजिक विमर्शकर्ता(रा.प.तृतीय) | १ | - | १ | |
| ४ | हेल्पलाइन अपरेटर (रा.प.अनं. प्रथम) | १० | ९ | १ | |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | २ | - | |
| ७ | ह.स.चा.=(श्रेणी विहिन) | ! | १ | - | |
| | **जम्मा** | **१७** | **१४** | **३** | |

## ४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

प्रशासन तथा योजना शाखा

- अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,
- आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्य,
- पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,

- सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- नागरिक वडापत्र÷गुनासा सम्बन्धी कार्य,
- खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,
- आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,
- तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- हिंसा पीडित महिलालाई सहयोग पु¥याउन सञ्चालित खबर गरौं ११४५ हेल्पलाईन सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

ख) महिला विकास समन्वय शाखा

- स्थानीयतहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्ने एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,
- महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवद्र्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,

- लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभांवकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमाा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,
- महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,
- महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

- महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,

- नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय/निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,
- आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

- आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,
- आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,
- आवश्यक कानून निर्माण सम्बन्धी कार्य,
- आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,
- उजुरी व्यवस्थापनको व्रmममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,
- तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,

- पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,
- महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
- पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

ङ. आर्थिक प्रशासन शाखा

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखापरीक्षण गराउने,
- आयोगका कार्यक्रमहरुको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यावधिक गराउने,
- आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोबारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

**५ आयोगबाट प्रदान गरिने सेवाः**

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

- महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,

- नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुर्‍याउने र सुझाव दिने,
- लैङ्गिक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,
- घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

मनोसामाजिक परामर्श सेवाः पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

कानूनी परामर्श सेवाः आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।

अल्पकालीन आश्रय सेवाः घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।

आकस्मिक सहायताः पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

**६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| क्रम संख्या | शाखा | पद | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | उपसचिव<br>शाखा अधिकृत<br>शाखा अधिकृत/सूचना अधिकारी | ऋषि कुमार दाहाल<br>समिता थापा<br>चन्द्रा थापा | |

| | | | | |
|---|---|---|---|---|
| २ | उजुरी तथा मुद्धा व्यवस्थापन शाखा | उपसचिव (कानुन)<br>शाखा अधिकृत (सरकारी वकिल) | लक्ष्मी शर्मा<br>उषा गजमेर | |
| ३ | नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उपसचिव<br>कानुन अधिकृत | माधव कुमार मरासिनी | |
| ४ | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | सीता अधिकारी<br>रोशनी श्रेष्ठ | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | श्रीभद्र गौतम | |

**७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

**८. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार बमोजिम तोकिएको शर्तको अधीनमा रही अधिकारको प्रयोग र पालना गर्ने गरी निर्णय गरिन्छ ।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

आयोगका अध्यक्ष तथा सदस्यहरु र सचिव ।

**१०. सम्पादन गरेको कामको विवरण**

आयोगले आ.व.२०८०/०८१ को बैशाख १ गते देखि असार मसान्तसम्मको त्रैमासिक अवधिमा आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन्:

(क) अन्तर्क्रिया कार्यक्रमः

**महिलाको हक हित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र प्रतिबद्धताहरुको कार्यान्यन सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

१. मिति २०८१/१/४ गते कोशी प्रदेशको विराटनगरमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमल कुमारी पराजुलीज्यूको अध्यक्षता र कोशी प्रदेश सभाका माननीय उपसभामुख सृजना दनुवारज्यूको प्रमुख आतिथ्यतामा महिलाको हक हित र अधिकार सम्बन्धि राष्ट्रिय तथा आन्तराष्ट्रिय कानुन र प्रतिबद्धताहरुको कार्यान्यन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति मोरङका उपप्रमुख , कोशी प्रदेशका का.मु प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिवहरु, मोरङ जिल्लाको प्रमुख जिल्ला अधिकारी, प्रदेश मन्त्रालयका लैंगिक सम्पर्क व्यक्तिहरु ,बिराटनगर महानगरपालिका प्रतिनिधि, मानव अधिकार आयोग प्रदेश कार्यालयका प्रतिनिधि लगायत महिलाको क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरु तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।
२. राष्ट्रिय महिला आयोगको आयोजनामा लुम्विनी प्रदेशको देउखुरीमा आयोजित महिलाको हकहित र अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र प्रतिवद्धताहरुको कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षता र लुम्विनी प्रदेशका मुख्य मन्त्री माननीय जोख बहादुर महराज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो । कार्यक्रममा लुम्विनी प्रदेशका प्रमुख सचिव महादेव पन्थज्यू, लुम्विनी प्रदेशका मुख्यन्यायाधिवक्ता श्री तिर्थराज ज्ञवालीज्यू, प्रदेशस्तरीय विषयगत मन्त्रालयका सचिवज्यू र मन्त्रालयहरुबाट अधिकृत तथा उपसचिवहरु, नगरपालिकाका प्रतिनिधीहरु, महिला अधिकारकर्मीहरु तथा सञ्चारकर्मीहरुको सहभागीता रहेको थियो । कार्यक्रममा लुम्विनी प्रदेशको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री टेकराज पन्थीले लुम्बिनी प्रदेशमा महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता, कार्यान्वयनको अवस्था र अवको कार्यदिशा विषयको कार्यपत्र प्रस्तुत गर्नु भयो। कार्यपत्र प्रस्तुति पछि खुला छलफलमा सबै सरोकारवाला निकायका प्रतिनिधीहरुबाट महत्वपूर्ण सुझाव र पृष्ठपोषण प्राप्त भयो । खुला छलफल पछि अतिथिहरुको मन्तब्यको चरण रह्यो। प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गर्दै मुख्य मन्त्री माननीय जोख बहादुर महराज्यूले महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गराउन प्रदेश सरकार र राष्ट्रिय महिला

आयोगको समन्वय र सहकार्य हुनु पर्ने सुझाव व्यक्त गर्नु भयो । कार्यक्रम सम्पन्न गर्न भूमिका निर्वाह गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै तथा महिलाको हकहित सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्ने सवालमा राष्ट्रिय महिला आयोगको अबको कार्यदिशाबारे जानकारी गराउँदै कार्यक्रमको औपचाकि रुपमा समापन भएको घोषणा गर्नु भयो ।

३. महिलाको हक हित र अधिकारको संरक्षण गर्न बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने उद्देश्यका साथ मिति २०८१ असार १३ गते राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मकवानपुर जिल्ला समन्वय समिति प्रमुख श्री ललित बहादुर घलानज्यू रहनुभएको थियो ।राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूले कार्यक्रमा स्वागत मन्तव्य राख्नुभएको थियो । वाग्मती प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्का कार्यालयका सचिव श्री हुमकला पाण्डेज्यूले विषयवस्तुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा जिल्ला समन्वय अधिकारी, अधिकारकर्मीहरू, सञ्चारकर्मीहरू लगायत विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू तथा सरकारी कार्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउने विषयमा प्रदेश सभाका सभामुख, उपसभामुख र सांसदज्यूहरुसँग अन्तर्क्रिया कार्यक्रम**

१. मिति २०८१ जेठ २३ गते राष्ट्रिय महिला आयोगको आयोजनामा कोशी प्रदेशको विराटनगरमा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउने विषयमा कोशी प्रदेश सभाका सभामुख, उपसभामुख र सांसदज्यूहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की रहनुभएको थियो । प्रदेश सभाका माननीय सभामुख अम्बर बहादुर विष्टज्यू कार्यक्रमको विशिष्ट अतिथिको रुपमा रहुनभएको थियो भने प्रदेश सभाका माननीय उपसभामुख सृजना दनुवारज्यू विशेष अतिथिको रुपमा रहनुभएको थियो । कार्यक्रममा प्रदेश सभाका महिला माननीय सांसदज्यूहरु, निमित्त प्रमुख सचिव श्री बद्री कुमार कार्कीज्यू, प्रदेश सभा सचिवालयका सचिव श्री गोपाल प्रसाद पराजुलीज्यू, प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद भट्टराईज्यू, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख प्रहरी महानिरीक्षक श्री चन्द्र कुबेर खापुङज्यू, पत्रकार महासंघ, गैरसरकारी महासंघका प्रतिनिधि, पत्रकार तथा मिडिया कर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।कार्यक्रममा माननीय सदस्य कृष्ण

कुमारी पौडेल खतिवडाज्यूले प्रमुख अतिथि, अतिथिहरु र सबै सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रम आयोजना गर्नुको उद्धेश्य बारे बताउनु भएको थियो । सामाजिक विकास मन्त्रालय कोशीका प्रमुख महिला विकास अधिकृत श्री दुर्गा बरालज्यूले नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउने सन्दर्भमा विद्यमान अवस्था, समस्या, चुनौती र भावी कार्यदिशा विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । छलफल सेसनमा प्रदेश सभाका माननीय सांसदहरुज्यूले महिलाको नीतिगत तहमा पहँच पुऱ्याउन देखिएका बाधा अवरोधहरु र बाधा अवरोध हटाउने उपाय बारे विभिन्न विचारहरु उठान गर्नुभएको थियो । कार्यक्रममा महेन्द्र मोरङ क्यापसका उपप्राध्यापक श्री चन्द्र उपाध्यायज्यू र वरिष्ठ पत्रकार ज्ञानेन्द्र निरौलाज्यू टिप्पणीकर्ताको भूमिकामा रहनुभएको थियो । माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीज्यूले प्रदेश सरकार महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै उनीहरुको पहुँच बृद्धि गर्न लैंगिकमैत्री नीति योजना र बजेट तर्जुमा गर्न विशेष प्राथमिकताका साथ लागेको बताउनुभयो । प्रदेश सभाका माननीय सभामुख अम्बर बहादुर विष्टज्यूले महिलाको नेतृत्व विकास गर्न र उनीहरुको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता बनाउन प्रदेश सभामा विशेष व्यवस्था गर्ने प्रतिवद्धता जनाउनुभयो । विशेष अतिथि माननीय उपसभामुख सृजना दनुवारज्यूले महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन निरन्तर पहल गरिरहनुपर्ने धारणा राख्नुभएको थियो ।

२. राष्ट्रिय महिला आयोगको आयोजनामा मिति २०८१।०३।११ मा लुम्विनी प्रदेशको राजधानी देउखुरी (दाङ) मा आयोजित नीतिगत विषयमा प्रदेश सभाको संसदीय समितिका सभापतिज्यूहरु र महिला सांसदज्यू संगको अन्तक्रिया कार्यक्रम आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षता र लुम्विनी प्रदेशका माननीय मुख्य मन्त्रि जोख बहादुर महराज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रममा लुम्विनी प्रदेश सभाका माननीय सभामुख तुलाराम धर्तिमगरज्यू उपसभामुख मेनका खाँड, लुम्विनी प्रदेशका उर्जा जलस्रोत तथा सिंचाई मन्त्री मा. कृष्णा के.सी.ज्यू, लुम्विनी प्रदेशका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवति अधिकारीज्यू विशिष्ठ अतिथिको रुपमा उपस्थित हुनु भई महिलाको नीतिगत तहमा पहुंचको सवालमा आफ्नो धारणा राख्नु भयो। कार्यक्रममा लुम्विनी प्रदेशको प्रदेश सभा अन्तर्गत संसदीय समितिको सभापतिज्यूहरुको तथा माननीय सांसदहरुको खुला छलफलमा सक्रिय सहभागीहरुबाट महत्वपूर्ण नीतिगत पृष्ठपोषणहरु प्राप्त भयो। कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तब्य कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूबाट भयो भने नेपालमा र विश्व परिवेशमा महिलाको नीतिगत तहमा पहुंचका विषयमा आयोगका उपसचिव सीता अधिकारीबाट कार्यपत्रहरू प्रश्तुत भएको थियो। कार्यक्रममा खुला छलफल पश्चात

विशिष्ठ अतिथिहरको मन्तब्य, प्रमुख अतिथिको मन्तब्य सकिएपछि कार्यक्रमका अध्यक्षज्यूबाट मन्तव्य सहित कार्यक्रमको औपचारिक समापनको जानकारी भयो ।

३. मिति 208१/03/14 गते राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षता तथा वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलज्यूको प्रमुख आतिथ्यतामा वाग्मती प्रदेश सभाका सभापति, उपसभापति र सांसदज्यूहरुसँग महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउने विषय अन्तर्क्रिया सम्पन्न भएको छ । कार्यक्रममा कार्यक्रमको उद्देश्य सहित आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माले आफ्नो मन्तव्य राख्नुभयो । प्रदेश सचिव श्री हुमकला पाण्डेज्यूले विषयसँग सम्बन्धित आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रमुख अतिथि माननीय मुख्यमन्त्रीज्यूले नीति बनाउने कार्यमा हतारले चुकेका छौं, नीतिगत तहमा हाम्रो कम ध्यान पुगेको हुनाले आधारभूत समूहको अधिकारलाई कानुनमै तोक्नुपर्ने बताउनुभयो । माननीय सभामुखज्यूले जुन गतिमा विकास हुनुपर्ने हो सो नभएको, विभिन्न क्रान्तिले महिलालाई धेरै राम्रो भएको, 33 प्रतिशतको संवैधानिक सहभागितालाई नीतिगत तहमा ल्याउनुपर्ने विचार व्यक्त गर्नुभयो। माननीय उपसभामुखज्यूले छलफलका लागि मौका कम भएकोमा आयोजकलाई यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । महिलालाई मानवका रुपमा हेर्नुपर्ने, संख्याको आधारमा सहभागिता सुनिश्चित गर्नुपर्ने, हरेक तहमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्ने र भएका कमी कमजोरीलाई सच्याउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

**महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक राजनीतिक क्षेत्रका युवाहरुसँगअन्तर्क्रिया कार्यक्रमः**

१. मिति २०८१/२/८ गते राष्ट्रिय महिला आयोगको आयोजनामा महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक¸ राजनीतिक क्षेत्रका युवासँग अन्तरक्रिया कार्यक्रम आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा म्याग्दीको बेनीमा सम्पन्न भयो । कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख श्री राजकुमार थापा प्रमुख अतिथिको रुपमा र जिल्ला समन्वय समितिका उपप्रमुख श्री डिल कुमारी खत्री विशेष अतिथि तथा म्याग्दीका प्रमुख जिल्ला अधिकरी श्री लक्ष्मण ढकाल विशेष अतिथिको रुपमा उपस्थित हुनु भई लैङ्गिक हिंसा न्युनिकरणमा युवाहरुको भूमिका प्रभावकारी बनाउने विषयमा सुझावहरु दिनु भयो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक भरत श्रेष्ठज्यू र राष्ट्रिय महिला आयोगका उपसचिव सीता अधिकारीबाट सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुती पछि खुला छलफल र अतिथिहरुको शुभकामना मन्तब्यको चरण रहयो। कार्यक्रममा उठेका

जिज्ञासाको सम्बोधन गर्दै कार्यक्रमको निष्कर्ष उल्लेख गर्दै कार्यक्रममा अध्यक्ष माननीय कृष्ण कुमारी पौडेल खतिवडाज्यूबाट कार्यक्रमको औपचारिक समापन भयो।

**विद्यालयस्तरमा हुने शिक्षक, बिधार्थी र विद्याल ब्यवस्थापन समितिका पदाधिकारिसगं अभिमुखिकरण कार्यक्रम**

१. राष्ट्रिय महिला आयोगको आयोजनामा आयोगका माननिय सदस्य बिध्या कुमारि सिन्हाज्यूको अध्यक्षतामा मिति २०८१\०२\१४ गते रौतहट जिल्लाको गौरमा विद्यालयस्तरमा हुने शिक्षक, बिधार्थी र विद्याल ब्यवस्थापन समितिका पदाधिकारिसगं अभिमुखिकरण कार्यक्रम समपन्न भएको छ । कार्यक्रममा जि स. स. प्रमुख श्री राम अयोध्या राय यादव प्रमुख अतिथि रहनु भएको थियो । कार्यक्रममा रौतहट नगरपालिकाका उपप्रमुख सयल देवि साह , प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, प्रहरी नायव उपरीक्षक दिलिप घिमिरे, रौतहट नेमधारि मा. वि, मा, मा वि का शिक्षक, विधार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

२. मिति २०८१।०२।०९ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको अध्यक्षतामा हुने लैङ्गिक हिंसा न्यूनिकरणका लागि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी शिक्षक तथा विद्यार्थीसँग अभिमुखीकरण कार्यक्रम स्याङ्गजामा सम्पन्न भयो ।कार्यक्रममा जिल्ला समन्वय समिति स्याङ्गजाका प्रमुख श्री प्रसाद जि. टी ज्यू प्रमुख अतिथिको रुपमा र पुतलीबजार नगरपालिकाका नगर प्रमुख श्री तुलसीराम रेग्मीज्यू विशिष्ट अतिथिको रुपमा उपस्थित हुनु भई विद्यालयमा हुन सक्ने हिंसा न्युनीकरणका सवालमा आफ्नो धारणा व्यक्त गर्नुभयो । स्याङ्गजाका प्रमुख जिल्ला अधिकारी श्री सुनिता नेपालज्यूले शैक्षिक संस्थामा हुन सक्ने हिंसाका कारक तत्वहरु र यसको न्युनीकरणका लागि बहुपक्षिय सरोकारवालाको भूमिका स्पष्ट गर्दै कार्यपत्र प्रस्तुत गर्नु भयो । लैङ्गिक हिंसाको समग्र सवालहरु र राष्ट्रिय महिला आयोगको सन्दर्भ समेत्दै आयोगका उपसचिव सीता आधिकारीले कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यक्रममा उपस्थित अतिथिज्यूहरुबाट समेत शैक्षिक क्षेत्रलाई हिंसामुक्त राख्ने सवालमा सुझावहरु प्राप्त भयो । कार्यक्रममा उठेका जिज्ञासाको सम्वोधन र कार्यक्रम सम्पन्न गर्न भुमिका निर्वाह गर्ने सबैलाई धन्यवाद ज्ञापन र कार्यक्रमको निश्कर्ष जानकारी गराउँदै कार्यक्रमका अध्यक्ष माननीय कृष्ण कुमारी पौडेल खतिवडाबाट कार्यक्रमको औपचारिक समापन भयो।

**लैङ्गिक हिंसा न्युनीकरणका लागी सचेतना र उत्प्रेरणा कार्यक्रमः**

१. मिति २०८१/१/१६ गते राष्ट्रिय महिला आयोगको आयोजनामा महिला हिंसा न्युनीकरणका लागि सचेतना र उत्प्रेरणा कार्यक्रम आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा कालिकोटमा सम्पन्न भयो । कार्यक्रममा संविधान सभा सदस्य माननीय तुलाराज विष्टज्यू, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक र खडाचक्र नगरपालिकाका नगर प्रमुख कमल बहादुर शाहीज्यू, नगर प्रमुख, नगर उपप्रमुख, खाडाचक्र नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरुको उपस्थिती र अर्थपूर्ण सहभागिता रह्यो ।

२. मिति २०८१।१।२० गते राष्ट्रिय महिला आयोगका आयोजनामा महिला हिंसा न्यूनिकरणका लागी सचेतना र उत्प्रेरणा कार्यक्रम आयोगका माननीय कमला कुमारी पराजुलीको अध्यक्षतामा जुम्लाको चन्दननाथ नगरपालिकाको सभाहलमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख, चन्दननाथ नगरपालिकाका प्रमुख तथा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, नगरपालिकाका जनप्रतिनिधीहरु उपस्थित हुनु भई लैङ्गिक हिंसा न्यूनिकरणका उपायहरुबारे आफ्नो धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा सञ्चारकर्मीहरु, सरकारी निकायका प्रतिनिधीहरु, अधिकारकर्मीहरुको उपस्थिती रहेको थियो।

**एकल महिलाहरुको सूरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरका सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रमः**

१. मिति २०८१।१।१४ गते एकल महिलाको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरीय सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रम कर्णाली प्रदेशको सुर्खेतमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा कर्णाली प्रदेश सभाका सभामुख माननीय नन्दा गुरुङज्यू, प्रमुख अतिथिको रुपमा रहनु भएको थियो । प्रदेश सभाका उपसभामुख माननीय यसोदा न्यौपानेज्यू तथा प्रदेश सभा सदस्य माननीय दक्षिणा शाही विशिष्ट अतिथिको रुपमा रहनु भएको थियो । कार्यक्रममा जि.स.स. सुर्खेतका प्रमुखज्यू, प्रदेश प्रहरी कार्यालयको वरिष्ठ प्रहरी उपरीक्षकज्यू, राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश कार्यालय प्रमुख, सामाजिक विकास मन्त्रालयका निमित्त सचिव, विरेन्द्रनगर नगरपालिकाका उपप्रमुख लगायतका आर्त अतिथिहरु उपस्थिति रहेको थियो ।

२. मिति २०८१/२/७ गते राष्ट्रिय महिला आयोगको आयोजनामा एकल महिलाको सुरक्षाको सवालमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरीय सरोकारवालाहरु

संगको अन्तक्रिया कार्यक्रम आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सभाहल, पोखरामा सम्पन्न भयो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्रीको माननीय खगराज अधिकारीज्यू प्रमुख अतिथिका रुपमा र गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय सिता कुमारी सुन्दास विशिष्ठ अतिथिको रुपमा उपस्थित हुनु भई कार्यक्रमलाई सम्बोधन गर्नु भयो । कार्यक्रममा गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सामाजिक विकास महाशाखा श्री जमुना पौडेल, एकल महिला समूह गण्डकी प्रदेशका अध्यक्ष श्री प्रमिला तङ्याबाट कार्यपत्र प्रस्तुत भई उपस्थित सरोकारवाला विच सघन रुपमा छलफल भयो। कार्यक्रममा एकल महिलाको सुरक्षाको लागि राष्ट्रिय महिला आयोगले गर्नु पर्ने पहलको सवालमा तथा कार्यकारी निकायहरुमा पठाउनु पर्ने नीतिगत तथा कार्यकमगत सिफारिसको लागि महत्वपूर्ण जानकारीहरु प्राप्त गयो। कार्यक्रममा उठेका जिज्ञासाहरु सम्वोधन गर्दै र एकल महिलाको सुरक्षाका लागि आयोगका अबको कार्यदिशा बारे उपस्थित सरोकारवालाहरु समक्ष जानकारी गराउदै कार्यक्रमको निश्कर्ष उल्लेख गर्दै कार्यक्रमका अध्यक्ष माननिय कृष्ण कुमारी पौडेल खतिवडाज्यूले कार्यकमको औपचारिक समापन गर्नु भयो ।

३. राष्ट्रिय महिला आयोगको आयोजनामा मिति २०८१। ३।१० गते लुम्विनी प्रदेशको भैरहवामा आयोजित एकल महिलाको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागी सरोकारवालाहरु संगको अन्तरक्रिया कार्यक्रम आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भयो ।कार्यक्रममा रुपन्देही जिल्लाका जिल्ला समन्वय समितिका श्री उमाकान्त पछाईज्यू प्रमुख अतिथिको रुपमा सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख श्री इस्तियाक खानज्यू विशिष्ट अतिथिको रुपमा र रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू अतिथिको रुपमा उपस्थित हुनु भई एकल महिलाको सुरक्षा र सशक्तीकरणका सवालमा आफ्ना महत्वपूर्ण भनाईहरु राख्नुभयो ।

४. एकल महिलाको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरका सरोकारवालसँगको अन्तरक्रिया कार्यक्रम आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा मिति २०८१।०३।१८ मा सम्पन्न भयो । कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य

व्यक्त गर्नु भयो। कार्यक्रममा मानव अधिकारको लागि महिला एकल महिला समूहका अध्यक्ष श्री कविता पाण्डेले कार्यपत्र प्रस्तुती गर्नु भयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्यज्यूहरु राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाज्यू अतिथिको रुपमा उपस्थित हुनु भई आफ्नो धारणा राख्नु भयो । कार्यक्रममा विभिन्न मन्त्रालय तथा आयोगहरु र केही खास सरोकारवाला कार्यालयहरुबाट सहभागीता रहेको थियो । कार्यक्रममा एकल महिला अधिकारकर्मीहरुको उल्लेख्य उपस्थिती रहेको थियो ।

५. मिति २०८१/३/१४ गतेका दिन एकल महिलाहरूको पहिचान, सामाजिक सुरक्षा र नीतिगत व्यवस्थाका लागि समस्याको पहिचान, आवश्यकता, चुनौती र अवसर पत्ता लगाउने र सम्बन्धित निकायमा सिफारिस गर्ने उद्देश्यका साथ राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा र बागमती प्रदेशका उपसभामुख माननीय अप्सरा चापागाईज्यूको प्रमुख आतिथ्यतामा एकल महिलाको सुरक्षा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत पृष्ठपोषणका लागि प्रदेशस्तरका सरोकारवालसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूले स्वागत मन्तव्य गर्नुभएको थियो । सामाजिक विकास मन्त्रालयका महिला विकास अधिकृत श्री चन्द्राकुमारी व्यञ्जनकार र मानव अधिकारका लागि महिला एकल महिला (WHR) का मकवानपुर अध्यक्ष श्री शारदा चौलागाईले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमा  जिल्ला समन्वय प्रमुख, राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी प्रशासन , सेवा प्रदायक एकल महिलाको अधिकारका लागि कार्यरत संघसंस्थाका प्रमुख/प्रतिनिधिहरु, सञ्चारकर्मीहरू, विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु तथा सहभागीहरु लगायतको सहभागिता रहेको थियो ।

**महिला हिंसा निवारणका लागि सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तर्क्रिया कार्यक्रमः**

१. राष्ट्रिय महिला आयोगको आयोजनामा मिति २०८१ जेठ २२ गते जिल्ला प्रशासन कार्यालय मोरङको सभाहलमा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षता तथा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाज्यूको प्रमुख आतिथ्यता र प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद

भट्टराईज्यूको विशिष्ट आतिथ्यतामा महिला हिंसा निवारणका लागि सुरक्षा निकायसँग वैठक तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । नेपाल प्रहरी कोशी प्रदेश प्रमुख श्री चन्द्र कुवेर खापुङज्यूले कोशी प्रदेशमा लैंगिक हिंसाको अवस्था हिंसा न्यूनीकरणका लागि गरिएका प्रयास र आगामी रणनीतिका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । राष्ट्रिय महिला आयोगका अधिकृत श्री चन्द्रा थापा मगरले राष्ट्रिय महिला आयोगको परिचय, काम, कर्तव्य र अधिकार र आयोगको गतिविधिको बारेमा प्रस्तुतीकरण प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुतीकरण सकिए पछि खुला छलफल भएको थियो । खुला छलफलमा सहभागीहरूले महिला हिंसाको अवस्था वारे केन्द्रित रही विभिन्न जिज्ञासा र सुझाबहरु राख्नु भएको थियो । मन्तव्य सेसनमा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाज्यूले महानगरमा महिला शिक्षामा जोड दिएको, महिलाहरुको आर्थिक सशक्तीकरणका लागि vocational training संचालन गरिएको र महिलामैत्री महानगरपालिका बनाउन बिशेष पहल भइरहेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईज्यूले स्रोत साधन माथि महिलाको पहुँच कम भएका कारण पितृसत्ता हाबी भएको र महिला माथि हुने हिंसा बढी हुने गरेकोले equal right to equal source मा जोड दिनुपर्ने आवश्यकता भएको बताउनुभयो । कार्यक्रमको अन्त्यमा माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले सबै सहभागीलाई धन्यवाद दिदै महिला माथि हुने हिंसा वा कुनै पनि किसिमको विभेद निवारण गर्न सवैले आ आफ्नो ठाउंबाट पहल गर्न अपिल गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रममा मोरङ जिल्ला प्रहरी कार्यालय प्रमुख, सशस्त्र प्रहरी बलका प्रमुख, जिल्ला सरकारी वकिलको कार्यालयका जिल्ला न्यायाधिवक्ता, कोशी प्रदेश अस्पताल स्थित ocmc का इन्चार्ज, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका कर्मचारीहरु, जिल्ला बार एकाई, पत्रकार महासंघका प्रतिनिधि, महिला अधिकारकर्मीहरु लगायत मिडियाकर्मी तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

**समाजमा बिद्यमान हानिकारक अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रमः**

१. २०८१ जेठ १४ गते सिन्धुपाल्चोकको चौतारामा राष्ट्रिय महिला आयोगको आयोजनामा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीज्यूको अध्यक्षतामा आयोगका उपसचिव, शाखा अधिकृत, ना.सु. सहितको टोलीको सहभागितामा समाजमा विद्यमान

हानिकारक अभ्यास विरुद्ध अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि सिन्धुपाल्चोक जिल्लाका जिल्ला समन्वय प्रमुख श्री बालकृष्ण श्रेष्ठज्यूले ब्यानर वाचन गरेर कार्यक्रमको औपचारिक उदघाटन गर्नुभयो । सिन्धुपाल्चोक जिल्लामा प्रचलनमा रहेका र बढीरहेका विभिन्न किसिमका हानिकारक अभ्यासको कारण जिल्लाभित्र बालिका, किशोरी र महिलामाथि विभिन्न किसिमका हिंसाका घट्नाहरु बढेको तथ्याङ्क र प्रवृत्ति सहित जिल्ला प्रहरी प्रमुख उपरीक्षक सन्तोष खड्काले कार्यपत्र प्रस्तुत गर्नुभयो ।

**स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रियाः**

१. मिति २०८१।१।१२ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम बागमती प्रदेशको दोलखा जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखज्यू, प्रमुख अतिथिको रुपमा रहनु भएको थियो । दोलखा जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू, दोलखा जिल्ला अदालतका मा.जिल्ला न्यायाधीशज्यू, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यू दोलखा जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरु लगायतका अतिथिहरु उपस्थित हुनुभएको थियो ।

२. मिति २०८१।१।१३ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम कोशी प्रदेशको ओखलढुंगा जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।कार्यक्रममा सिद्धिचरण नगरपालिकाका प्रमुखज्यू, प्रमुख अतिथिको रुपमा र जिल्ला समन्वय समितिका उपप्रमुखज्यू विशिष्ट अतिथिको रुपमा रहनु भएको थियो । ओखलढुंगा जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू, ओखलढुंगा जिल्ला अदालतका जिल्ला न्यायाधीशज्यू, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीज्यू, दोलखा जिल्लाका सुरक्षा निकायका प्रमुखज्यूहरु लगायतको उपस्थिति रहेको थियो ।

३. मिति २०८१।१।१४ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा

असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम कोशी प्रदेशको खोटाङ जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति खोटाङका प्रमुखज्यू प्रमुख अतिथिको रुपमा र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुखज्यू विशिष्ट अतिथिको रुपमा उपस्थित भई महत्वपूर्ण सुझावहरु राख्दै न्यायिक समिति र अन्य निकायबाट हुने लैङ्गिक हिंसा निवारणका लागि सबै तह तथा क्षेत्रहरु सक्रिय रहनु पर्ने उल्लेख गर्नुभएको थियो । खोटाङ जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू जिल्ला प्रशासन कार्यालय खोटाङका प्रमुख जिल्ला अधिकारीज्यू लगायतका अतिथिहरु उपस्थित हुनु भई लैङ्गिक हिंसा निवारणका सवालमा आफ्नो धारणा राख्नु भएको थियो।

४. मिति २०८१/०१/१६ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकाय बीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया "कार्यक्रम मधेस प्रदेशको बारा जिल्लामा यस आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखज्यू, प्रमुख अतिथि, बारा जिल्लाको स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरु, जिल्ला न्यायाधीश , प्रमुख जिल्ला अधिकारी , श्रेस्तेदार, प्रमुख प्रशासकीय अधिकृतहरु, सुरक्षा निकायका प्रमुख, न्यायिक समितिका सदस्यहरु, सुरक्षित आश्रय स्थलका प्रतिनिधि, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

५. मिति २०८१/०१/१७ गते राष्ट्रिय महिला आयोगको आयोजनामा स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकाय बीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया "कार्यक्रम मधेश प्रदेशको पर्सा जिल्लामा आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा सम्पन्न भयो।कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्री निरञ्जन प्रसाद सोनारज्यू प्रमुख अतिथि रहनु भएको थियो । जिल्लाको स्थानीय तहका न्यायिक समितिका सदस्यहरु, जिल्ला न्यायाधीश , प्रमुख जिल्ला अधिकारी , श्रेस्तेदार, प्रमुख प्रशासकीय अधिकृत ,सुरक्षा निकायका प्रमुखहरु, सुरक्षित आश्रय स्थलका प्रतिनिधि, सञ्चारकर्मी हरुको उपस्थिति थियो।

६. मिति २०८१।१।१८ गते राष्ट्रिय महिला आयोगको आयोजनामा स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायहरु विच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोगकी

माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा मुगुको गमगढीमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला समन्वय समिति मुगुका प्रमुख वञ्जन कार्की प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भएको थियो । कार्यक्रममा छाँयानाथ रारा नगरपालिकाका नगर प्रमुख, मुगु स्थित स्थानीय तहहरुका उपप्रमुख, न्यायिक समितिका सदस्यहरु, जनप्रतिनिधिहरु, हिंसा पीडित महिलालाई सेवा पुऱ्याउने सरकारी निकायहरुका प्रतिनिधिहरु, सञ्चारकर्मी एवं अधिकारकर्मीहरुको उपस्थिती रहेको थियो।

७. मिति २०८१/०१/१८ गते राष्ट्रिय महिला आयोगको आयोजनामा स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकाय बीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया "कार्यक्रम बागमती प्रदेशको सिन्धुली जिल्लामा आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा सम्पन्न भयो।कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखज्यू प्रमुख अतिथि, सिन्धुलि जिल्लाको स्थानीय तहका न्यायिक समितिका सदस्यहरु, जिल्ला न्यायाधीश , प्रमुख जिल्ला अधिकारी , श्रेस्तेदार, प्रमुख प्रशासकीय अधिकृत ,सुरक्षा निकायका प्रमुखहरु, सुरक्षित आश्रय स्थलका प्रतिनिधि, सञ्चारकर्मी हरुको उपस्थिति थियो।

८. मिति २०८१।१।२८ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम लुम्बिनी प्रदेशको प्युठान जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा जिल्ला समन्वय समिति प्युठानका उप प्रमुखज्यू प्रमुख अतिथिको रुपमा र दिक्तेल रुपाकोटमझुवागढी नगरपालिकाका प्रमुखज्यू विशिष्ट अतिथिको रुपमा उपस्थितभई महत्वपूर्ण सुझावहरु राख्दै न्यायिक समिति र अन्य निकायबाट हुने लैङ्गिक हिंसा निवारणका लागि सबै तह तथा क्षेत्रहरु सक्रिय रहनु पर्ने उल्लेख गर्नुभयो । प्युठान जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू जिल्ला प्रशासन कार्यालय प्युठानका प्रमुख जिल्ला अधिकारीज्यू लगायतका अतिथिहरु उपस्थित हुनु भई लैङ्गिक हिंसा निवारणका सवालमा आफ्नो धारणा राख्नु भयो ।

९. मिति २०८१।१।३० गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा जिल्ला समन्वय समिति रोल्पाका प्रमुख श्री सीता

आचार्यज्यू प्रमुख अतिथिको रुपमा र जिल्ला समन्वय समितिका उप प्रमुख श्री कर्मलाल परियारज्यू, रोल्पा नगरपालिकाका उप प्रमुख श्री गीता आचार्यज्यू, रोल्पा जिल्ला अदालतका माननीय न्यायाधीश खिमानन्द भुसालज्यू विशेष अतिथिको रुपमा उपस्थित भई महत्वपूर्ण सुझावहरु राख्दै न्यायिक समिति र अन्य निकायबाट हुने लैङ्गिक हिंसा निवारणका लागि सबै तह तथा क्षेत्रहरु सक्रिय रहनु पर्ने उल्लेख गर्नुभयो । रोल्पा जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू, जिल्ला प्रशासन कार्यालय रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारीज्यू लगायतका अतिथिहरु उपस्थित हुनु भई लैङ्गिक हिंसा निवारणका सवालमा आफ्नो धारणा राख्नु भयो । कार्यक्रममा रोल्पा जिल्ला अदालतका माननीय न्यायाधीश श्री खिमानन्द भुसालज्यू र जिल्ला प्रशासन कार्यालय रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी श्री पदम बहादुर डाँगीज्यूको तर्फबाट आयोगले तोकेका विषयमा कार्यपत्रहरु प्रस्तुत गर्नुभयो ।

१०. मिति २०८१।१।३१ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम कर्णाली प्रदेशको सल्यान जिल्लामा आयोगका माननीय सदस्य कृष्ण कुमारी खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा जिल्ला समन्वय समिति सल्यानका प्रमुख श्री बेलराम राउतज्यू प्रमुख अतिथिको रुपमा र शारदा नगरपालिकाका प्रमुख प्रकाश भण्डारीज्यू विशिष्ट अतिथिको रुपमा उपस्थितभई महत्वपूर्ण सुझावहरु राख्दै न्यायिक समिति र अन्य निकायबाट हुने लैङ्गिक हिंसा निवारणका लागि सबै तह तथा क्षेत्रहरु सक्रिय रहनु पर्ने उल्लेख गर्नुभयो । सल्यान जिल्लाका सम्पूर्ण पालिकाका उपप्रमुख तथा उपाध्यक्षज्यू जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारीज्यू लगायतका अतिथिहरु उपस्थित हुनु भई लैङ्गिक हिंसा निवारणका सवालमा आफ्नो धारणा राख्नु भयो । आयोगका शाखा अधिकृत श्री उशा गजमेरले कार्यक्रमको संयोजन गर्नुको साथै कार्यपत्र समेत प्रस्तुत गर्नुभयो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी श्री शम्भु प्रसाद रेग्मीज्यू तथा जिल्ला प्रहरी कार्यालय सल्यानका प्र.ना.उ श्री नविन कार्कीको तर्फबाट आयोगले तोकेका विषयमा कार्यपत्रहरु प्रस्तुत गर्नुभयो ।

११. मिति २०८१/०२/०६ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकाय बीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया "कार्यक्रम सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा यस आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा सम्पन्न भयो।कार्यक्रममा जिल्ला समन्वय समितिका

प्रमुखज्यू प्रमुख अतिथि, कञ्चनपुर जिल्लाको उपप्रमुख, नगरप्रमुख, जिल्ला न्यायाधीश , प्रमुख जिल्ला अधिकारी, श्रेस्तेदार, प्रमुख प्रशासकीय अधिकृत ,सुरक्षा निकायका प्रमुख, न्यायिक समिति सदस्यहरु, सुरक्षित आश्रय स्थलका प्रतिनिधि, सञ्चारकर्मीहरुको उपस्थिति थियो।

१२. मिति २०८१/०२/०७ गते राष्ट्रिय महिला आयोगको आयोजनामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकाय बीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया "कार्यक्रम सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा यस आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यूको अध्यक्षतामा सम्पन्न भयो।कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ज्यू प्रमुख अतिथि, डडेल्धुरा जिल्लाको उपप्रमुख, नगरप्रमुख, जिल्ला न्यायाधीश , प्रमुख जिल्ला अधिकारी, श्रेस्तेदार,प्रमुख प्रशासकीय अधिकृत ,सुरक्षा निकायका प्रमुख,न्यायिक समिति सदस्यहरु, सुरक्षित आश्रय स्थल प्रतिनिधि, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

१३. मिति २०८१/०२/१६ गते गोरखा जिल्लामा आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूको अध्यक्षतामा "स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र सरोकारवाला निकायबीच लैङ्गिक हिंसा निवारणका सवालमा असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया" कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि गोरखा नगरपालिका प्रमुख श्री कृष्ण रानाज्यू रहनु भएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख श्री लिला परियार, पालुङटार नगरपालिका उपप्रमुख श्री बन्दना पाण्डे, विभिन्न गाउपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक लगायतका पदाधिकारीहरु, माननीय जिल्ला न्यायाधीश शिव प्रसाद रानाभाट, प्रमुख जिल्ला अधिकारी भोला दाहाल लगायतका उपस्थिति रहेको थियो ।

**लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तक्रिया कार्यक्रम**

१. मिति २०८१/२/३० गते राष्ट्रिय महिला आयोगको आयोजनामा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तक्रिया कार्यक्रम आयोगको भवन रहेको सभाहलमा आयोगको माननीय कमलाकुमारी पराजुलीज्यूको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा प्रतिनिधी सभाको महिला तथा सामाजिक मामिला समितिका सभापति किरण कुमार साहज्यू र प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भई कार्यक्रमलाई सम्वोधन गर्नु भयो । कार्यक्रममा राष्ट्रिय समावेशी आयोगका माननीय कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाज्यू तथा प्रतिनिधी सभाको महिला तथा सामाजिक मामिला समितिको सचिव श्री इन्द्रविलास पौडेलज्यू अतिथिको रुपमा उपस्थित हुनु भई आफ्नो धारणा व्यक्त गर्नु

भयो । कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तीहरु तथा अधिकारकर्मीहरुको सहभागीता रहेको थियो।

**(ख) दिवस तथा समारोह**

१. **"हामो अभियान : आत्मनिर्भर छोरीको सम्मान" भन्ने नारासहित छैठौं राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा राष्ट्रिय महिला आयोगद्वारा आयोजित विशेष समारोह** आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा मिति २०८१।०२।१७ मा राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा सम्पन्न भयो। कार्यक्रममा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य व्यक्त गर्नु भयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवती चौधरीज्यू प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भई सम्बोधन गर्नु भयो। कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव याम कुमारी खतिवडाले महिला अधिकारका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रतिनिधी सभाको महिला तथा सामाजिक मामिला समितिका माननीय सदस्यज्यूहरु, संवैधानिक निकायका माननीय सदस्यज्यूहरु, विभिन्न विषयगत मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिहरु, गैरसरकारी सस्थाका प्रतिनिधीहरु ,सञ्चारकर्मीहरु एवं अधिकारकर्मीहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा माननीय मन्त्रीज्यू एवं कार्यक्रमका प्रमुख अतिथिज्यृबाट कार्यक्रमको समुद्घाटन कार्यपत्र प्रश्तुती र खुला छलफल पश्चात कार्यक्रमका अध्यक्षज्यूबाट मन्तव्य सहित कार्यक्रमको औपचारिक समापन भयो।

२. **लैङ्गिक समानता र महिला अधिकारका अभियन्ता स्व. योगमायाको ८३ औं स्मृति दिवस** (असार २२ गते) को अवसरमा राष्ट्रिय महिला आयोगद्वारा योगमाया स्मृति विशेष समारोह मिति २०८१ असार २१ गते आयोग रहेको भवनको सभाहलमा आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुलीको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा आयोगका माननीय सदस्यज्यूहरुबाट योगमायाको तस्विरमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण भयो । कार्यक्रममा विभिन्न आयोगहरु, मन्त्रालयहरु, काठमाडौ र ललितपुर महानगरपालिकाका प्रतिनिधीहरु, गैह्रसरकारी संस्थाका प्रतिनिधीहरुको सहभागीता रहेको थियो ।

## ११. उजुरी व्यवस्थापन

तेश्रो त्रैमासिक अवधि (२०८१ बैशाख १ गते देखि असार मसान्तसम्म) मा आयोगमा दर्ता भएका उजुरीहरु र प्रदान गरिएका सेवाको विवरण

आयोगमा दर्ता भएका उजुरीहरु

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| बैशाख | ३२ | १ | ३३ |
| जेठ | ४५ | १ | ४६ |
| असार | ३५ | २ | ३७ |
| जम्मा | ११२ | ४ | ११६ |

प्रदेशगत आयोगमा दर्ता भएका उजुरीहरु

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| कोशी | २ | ० | २ |
| मधेश प्रदेश | ० | ० | ० |
| वागमती | १०६ | ४ | ११० |
| गण्डकी | २ | ० | २ |
| लुम्बिनी | १ | ० | १ |
| कर्णाली | ० | ० | ० |
| सुदूरपश्चिम | ० | ० | ० |
| प्रदेश उल्लेख नभएको | १ | ० | १ |
| जम्मा | ११२ | ४ | ११६ |

हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानसिक हिंसा | १११ |
| आर्थिक हिंसा | ८६ |
| शारीरिक हिंसा | ६३ |
| यौनजन्य हिंसा | ५ |

माथि उल्लेखित विवरणमा एउटै व्यक्ति धैरै किसिमको हिंसाबाट प्रभावित हुने भएकोले दर्ता भएको कुल उजुरी संख्या भन्दा बढी देखिएको हो ।

राष्ट्रिय महिला आयोगबाट र साझेदार संस्थाहरुको समन्वयमा हिंसा पीडितहरुलाई प्रदान गरिएको सेवाको विवरण

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मनोसामाजिक विमर्श | ८१ |
| कानुनी परामर्श | १२४ |
| मेलमिलाप | १४ |
| अदालतमा प्रतिनिधित्व (**Coutr Representation**) | ४ |

माथि उल्लेखित विवरणमा एउटै व्यक्तिलाई एक भन्दा बढी सेवा एक भन्दा बढी पटक प्रदान गर्नुपर्ने भएकोले कुल उजुरी संख्या भन्दा सेवा प्रदान गरेको संख्याको विवरण बढी देखिएको हो।

अधिकतम् रुपमा उजुरी भएका हिंसाका घटनाहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानासिक यातना | १०२ |
| कुटपिट | ६३ |
| चरित्रहत्या | २० |
| आर्थिक यातना | ७१ |
| विवाह दर्ता बनाउन चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | १० |
| सुरक्षा मुद्दा | ३ |
| सम्पती हस्तान्तरण गर्दा चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | ० |
| यौन दुर्ब्यबहार | ४ |
| जन्मदर्ता बनाउन चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | १५ |
| नागरिकता बनाउन चाहिने आवश्यक कागजात समबन्धी समस्या | ७ |
| बाल सुरक्षाको मुद्दा | ३ |
| माना चामल | ० |
| वैबाहिक बलत्कार | १ |
| दाँइजो प्रथाले हुने हिंसा | ० |
| डिवोर्स | ० |
| ज्यान मार्ने उद्ध्योग | १ |
| कार्यस्थलमा हुनेयौनजन्य दुर्ब्यबहार | ० |
| बालविवाह | ० |

माथि उल्लेखित विवरणमा एउटै व्यक्ति धेरै किसिमको हिंसाका घटनाबाट पीडित/प्रभावित हुने भएकोले कुल उजुरी संख्या भन्दा बढी देखिएको हो ।

हिंसा पीडितहरुको सेवाको लागि सिफारिस गरिएका संस्थाहरु

| संस्था | संख्या |
|---|---|
| साथी (सूरक्षित आश्रयस्थलको लागि) | ० |
| ल्याक (कानूनी सहायताका लागि) | १० |
| टि.पि.ओ. (मनोसामाजिक परामर्श सेवाको लागि | ० |
| नेपाल बार एशोसिएशन | १ |

## १२. प्रमुख र सूचना अधिकारीको नाम

| सि.नं | नाम थर | पद |
|---|---|---|
| १ | पार्वती पौडेल | सचिव |
| २ | चन्द्रा थापा | सूचना अधिकारी |

.

## १३. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

- राष्ट्रिय महिला आयोग ऐन, २०७४
- राष्ट्रिय महिला आयोग नियमावली, २०७४
- लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउने सेवा प्रदायक संस्था छनौट तथा सेवा शूल्क/अनुदान उपलब्ध सम्बन्धी कार्यविधि, २०७८
- राष्ट्रिय महिला आयोगको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७८
- राष्ट्रिय महिला आयोग आन्तरिक निर्देशिका, २०७८

## १४. आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

२०८१ असार मसान्तसम्मको कारोबारको अवस्था

| **शीर्षक** | **विनियोजित बजेट रु** | **असार मसान्तसम्मको खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| चालु खर्च | ५,६९,००,०००/- | ४,३१,९३,००६/७२ | ७५.९१ |
| पुँजीगत खर्च | १३,००,०००/- | ५,७२,०१२/- | ४४ |
| कार्यक्रम खर्च | २,५३,००,०००/- | १,४८,०२,२२३/- | ५८.५ |
| पदाधिकारी खर्च | १,००,५९,१७४/- | ८५२९५८७/- | ८४.८ |

**१५. राष्ट्रिय महिला आयोगको वेवसाइट**

www.nwc.gov.np र e-mail: info@nwc.gov.np रहेको छ ।

**१६. राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरणः**

हाल आयोगमा वैदेशिक सहायताबाट कुनैपनि कार्यक्रम नभएको ।

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः**

प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

**१८. सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषयः**

माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

महत्वपूर्ण सूचनाहरु आयोगको बेबसाइटमा पनि राख्ने गरिएको ।